२० आम जनता, बिज्ञहरु तथा सबैको सल्लाह सुझाव लिई यस जयपृथ्वी नगरपालिकाको अल्पकालिन र दीर्घ कालिन बिकास सम्बन्धि नगर प्रोफाइल र बिस्तृत गुरु योजना निर्माण गरि कार्यान्वयनमा ल्याईने निर्णय गरियो ।

२१ नगर भित्र संचालनमा रहेका बिभिन्न संघसंस्था तथा दात्री निकायहरु संग समन्वय तथा सहकार्य गरि नगरको सम्बृद्धीका लागि बिभिन्न क्षेत्रमा लगानी गरिने निर्णय गरियो ।

२२ यस नगरपालिका अन्तर्गत रहेका बिभिन्न सामाजिक बिभेदहरु हटइन र संबिधानले तोके अनुसार आरक्षण व्यबस्था लागु भैसकेको हुदा महिला, दलित, जेष्ठ नागरिक, बालवालिका, अपाङ्ग, आदिबासी आदि वर्गको श्रोत साधनमा पहुच पुऱ्याउन आवस्यक पहल गर्ने निणय गरियो ।

२३ नयाँ विपद जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७४ अनुसार नगरपालिकामा महामारी, दैबी प्रकोप र आकस्मिक विपदको पूर्व तयारी योजना, व्यवस्थापन तथा प्रतिकार्य योजना सहित अति आवश्यकिय सेवा समेत र उद्धार संयन्त्रहरु सक्रिय पारी पीडित भएकाहरुलाई आवश्यक सेवा उपलबब्ध गराउने निर्णय गरियो ।

२४ जयपृथ्वी नगर क्षेत्र बचाउ अभियानलाई निरन्तरता दिई तपशिलका क्षेत्रमा आ.व. २०७५/०७६ को बजेटमा बजेट व्यवस्था गर्न नदी नियन्त्रण तथा प्रकोप व्यवस्थापन विभाग, डिभिजन कार्यालय बैतडीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल**

१. चैनपुर डुंग्री पुलको दायाँवायाँ तट्बन्धन
२. भोपुर, रुइनावगर र साइलावगर तट्बन्धन
३. सम्देउ डुंग्री तट्बन्धन
४. खेइरा सेलाखेत बाउलीगाड दायाँवायाँ तट्बन्धन
५. गोलाई, देवल ज्यूला सेती नदी तट्बन्धन
६. सुवेडा, डिलवगर ज्यूला सेती नदी दायाँवायाँ तट्बन्धन

२५ . LGCDP कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुको यसै आषाढ मसान्तमा म्याद समाप्त हुने भएकाले आ.व. ०७५/७६ का लागि समेत म्याद थप गर्नका लागि सम्बन्धित निकाय संग अनुरोध गर्ने निर्णय गरियो ।

२६. नगरपालिका क्षेत्र भित्र कृषकलाई अनिवार्य खेती प्रणालीमा जोड दिदै उत्पादीत बस्तुहरुको प्रसोधन, बजारीकरणमा सहयोग गर्न र सो कार्यमा सरोकारवाला निकाय संग समन्वय, सहकार्य गर्ने निर्णय गरियो ।

२७. १ वडा १ स्वास्थ्य चौकीको अवधारणालाई अगाडी बढाउन आवश्यक सहयोगका लागि प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय संग अनुरोध गर्ने निर्णय गरियो ।

२८. यस नगरपालिकाको वडा नं. १ को भण्डार, वडा नं. २ को बाँजगाउँ, वडा न. ६ को नौरामा सहरी स्वास्थ्य केन्द्र स्थापना गर्नका लागि जिल्ला स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

२९. अन्तराष्ट्रिय नारी दिवस, १६ दिने लैंगिक हिंसा विरुद्धको अभियान र अन्तराष्ट्रिय बालिका दिवस मनाउने निर्णय गरियो ।

३०. लैंगिक समानता, सामाजिक समावेशीकरण र लैंगिक उत्तरदायी (महिला मैत्री) बजेटलाई प्रभावकारी बनाउँदै लैजाने निर्णय गरियो ।